## बजार अनुगमन सम्बन्धी समन्वयात्मक दिग्दर्शन-२०७७

### १.पृष्ठभूमिः

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका तीन तहका सरकार (सङ्घ,प्रदेश र स्थानीय)हरुबाट बजार अनुगमन गर्न जारी गरिएका ऐनका फरक फरक कानुनी ब्यवस्थाहरुलाई एकिकृत गरी सरल, सहज र समन्वयात्मक ढङ्गबाट बजार अनुगमन सम्बन्धी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले नेपालको संबिधानको धारा २३२ को मर्म र भावना अनुसार सुशासन(व्यवस्थापन र सञ्चालन)ऐन,२०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो "बजार अनुगमन सम्बन्धी समन्वयात्मक दिग्दर्शन,२०७७" जारी गरिएको छ।

### २.उद्देश्य :

बस्तु तथा सेवामा अनुचित व्यापारिक वा व्यावसायिक क्रियाकलाप, एकाधिकारपूर्ण व्यापारिक वा व्यावसायिक क्रियाकलाप, कानुनद्वारा निषेधित व्यापारिक वा व्यावसायिक क्रियाकलाप भए नभएको अनुगमन गर्ने, स्वच्छ बजार कायम गर्ने, उपभोक्ताको अधिकार संरक्षण गर्ने, उपभोक्तालाई परेको मर्का र गुनासोलाई सम्वोधन गर्ने अधिकार र जिम्मेवारी भीमेश्वर नगरपालिकाको स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन,२०७७ बमोजिम उपप्रमुखको संयोजकत्वमा रहेको समिति र नगरपालिकाले तोकेको निरीक्षण अधिकृतमा रहेको छ।

उपभोक्ता संरक्षण ऐन,२०७५ बमोजिम बजार अनुगमन तथा निरीक्षण गर्ने अधिकार सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीलाई रहेको छ।

बागमती प्रदेशको प्रादेशिक व्यापार तथा व्यावसाय ऐन, २०७६ बमोजिम उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय तथा घरेलु तथा साना उद्योग कार्यालयलाई बजार अनुगमन तथा निरीक्षण गर्ने अधिकार रहेको छ।

उल्लिखित बजार अनुगमनका काम कारबाहीहरुलाई सहकारिता,समन्वय र सहअस्तित्वको सिद्धान्तका आधारमा कार्यान्वयन गर्दा सहयोग र सहजीकरण हुने, बजार सुशासन कायम हुने, बजार सङ्घीयताको अवधारणाको प्रभावकारी कार्यान्वयन हुने, उपभोक्ता अधिकार संरक्षण हुने भएकोले माथि उल्लिखित कानुनको प्रभावकारी कार्यान्वयनका लागि सहजीकरण गर्नु एवं तीन तहका सरकारहरुको तर्फवाट गरिने बजार अनुगमनलाई प्रभावकारी र समन्वयात्मक बनाउनु यस दिग्दर्शनको उद्देश्य रहेको छ।

भीमेश्वर नगरपालिका नगरपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

३. कार्यक्षेत्र :

यो दिग्दर्शनको कार्यक्षेत्र भीमेश्वर नगरपालिका रहनेछ।

४.अनुगमन सम्वन्धी कानुनी व्यवस्थाः

उपभोक्ता संरक्षण ऐन,२०७५ बमोजिम बजार अनुगमन गर्ने र बजारमा अनुचित व्यापारिक क्रियाकलाप भए नभएको निरीक्षण गर्ने समेतको जिम्मेवारी निरीक्षण अधिकृतलाई रहेको छ। उल्लिखित कानुन बमोजिम निरीक्षण अधिकृत सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सहायक प्रमुख जिल्ला अधिकारीलाई तोकिएको छ।

प्रादेशिक वयापार तथा व्यवसाय ऐन,२०७६ बमोजिम उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय एवं घरेलु तथा साना उद्योग कार्यालयलाई बजार अनुगमन गर्ने अधिकार रहेको छ। सो अधिकारको प्रयोग उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय एवं घरेलु तथा साना उद्योग कार्यालय अन्तरगतका सातौं तहसम्मका अधिकृतले गर्न सक्ने छन। साथै यसै कानुनले सम्वन्धित जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा संयुक्त बजार अनुगमन समिति गठन गरेको छ।

भीमेश्वर नगरपालिकाको बजार व्यवस्थापन तथा अनुगमन ऐन,२०७७ को दफा २१ले भीमेश्वर नगरपालिकाका उप-प्रमुखको संयोजकत्वमा बजार अनुगमन समितिको व्यवस्था गरेको छ। सोहि ऐन बमोजिम नगरपालिकाले निरिक्षण अधिकृत तोक्न सक्ने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम उपप्रमुखको संयोजकत्वमा बजार अनुगमन सम्बन्धी व्यवस्था रहेको छ।

५.समन्वयात्मक बजार अनुगमनका आधारहरुः

यस दिग्दर्शन बमोजिम बजार अनुगमन सम्बन्धी समन्वयात्मक आधारहरु देहाय बमोजिम रहेका छन;

- उपभोक्ता संरक्षण ऐन, २०७५, प्रादेशिक व्यापार तथा व्यवसाय ऐन, २०७६ र भीमेश्वर नगरपालिका स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७७ बमोजिम बजार अनुगमन गर्दा तिनै तहका सरकारको आपसी समन्वयमा साझा कार्ययोजना तर्जुमा गरी व्यवस्थित र प्रभावकारी रुपमा बजार अनुगमन गर्ने,कानुनको प्रभावकारी कार्यान्वयन गर्ने, उपभोक्ता अधिकार संरक्षण गर्ने,

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय ...कोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

स्वच्छ बजार कायम राख्ने र उपभोक्ताको मर्का र गुनासो सम्बोधन गर्नका लागि साझा कार्ययोजना तयार गरिनेछ ।

- बजार अनुगमनलाई समन्वयात्मक रुपमा प्रभावकारी बजार अनुगमन गर्ने, कानुनको प्रभावकारी कार्यान्वयन गर्ने, उपभोक्ता अधिकार संरक्षण गर्ने, उद्योगी व्यवसायी र उपभोक्ताको समेत गुनासो सम्वोधन गर्ने, स्वच्छ बजार कायम राख्न वार्षिक कार्ययोजना बनाई काम गरिने छ। उल्लिखित कार्ययोजना तर्जुमा गर्दा दोलखा उद्योग बाणिज्य संघ, चेम्वर अफ कर्मश,दोलखा र उपभोक्ता संस्थाको प्रतिनिधि लगाएत अन्य सरोकारलाई आमन्त्रित गर्न सकिने छ।
- उपभोक्ता संरक्षण ऐन, २०७५, प्रादेशिक व्यापार तथा व्यवसाय ऐन, २०७६ र भीमेश्वर नगरपालिका स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७७ का अतिरिक्त अन्य ऐनहरु खाद्य ऐन, २०२३, स्टाण्डर्ड तथा नापतौल ऐन, २०२३, गुणस्तर ऐन, २०३५, औषधि ऐन, २०३५ लगायत अन्य प्रचलित कानुन वमोजिम अनुगमन गर्दा नगरपालिका, जिल्ला प्रशासन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयका प्रतिनिधिहरुको समन्वय र सहभागिताका आधारमा बजारको अनुगमन गरिने छ।
- बजार अनुगमन गर्दा वा बजार अनुगमनका क्रममा मुचुल्का तयार गर्दा कम्तिमा नगरपालिकाका उपप्रमुख,सहायक प्रमुख जिल्ला अधिकारी एवं घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख मध्ये कुनै एक जनाको उपस्थितीमा गरिने छ।
- अनुगमनवाट अनुचित , एकाधिकारपूर्ण र कानुनद्वारा निषेधित व्यापारिक क्रियाकलाप भएको पाइएमा उपभोक्ता संरक्षण ऐन, २०७५, प्रादेशिक व्यापार तथा व्यवसाय ऐन, २०७६ र भीमेश्वर नगरपालिका स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७७ बमोजिम निरीक्षण अधिकृतले कानुन बमोजिम तत्काल जरिवाना गर्ने वाहेक थप अनुसन्धान तथा कारबाही गर्नका लागि सम्वन्धित अधिकारी वा कार्यालय समक्ष लेखी पठाइने छ।
- बजार अनुगमन सम्वन्धी कार्ययोजना तयार गर्दा उपभोक्ता सचेतना, स्थानीय उत्पादन तथा व्यवसायको प्रर्बद्धन, उपभोक्ता शिक्षा सम्बन्धी सामाग्रीहरुको उत्पादन, प्रशारण तथा प्रकाशनलाई महत्वका साथ प्राथमिकता दिइने छ।
- उपभोक्ताको मानव अधिकार संरक्षणको लागि तथा स्वच्छ व्यावसायिक हित प्रर्बद्धनको लागि बजार अनुगमन प्रभावकारी माध्यम भएकोले व्यवसायी तथा उपभोक्ताको मानव अधिकार संरक्षण र सम्बर्द्धनलाई समेत प्राथमिकतामा राखी बजार अनुगमन कार्ययोजना तयार गरिने छ।
- बजार अनुगमनका क्रममा कुनै समस्या आईपरेमा आपसी सहमतिमा समाधान खोजिने छ।



प्रमुख प्रशासकीय अधिकृत

बजार अनुगमनवाट भीमेश्वर नगरपालिका बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७७, प्रादेशिक व्यापार ऐन, २०७६ एवं उपभोक्ता संरक्षण ऐन , २०७५ बमोजिमका कुनै कसुर देखिएमा माथि उल्लिखित तथा अन्य प्रचलित कानुन वमोजिम सम्वन्धित निरीक्षण अधिकृतले कानुन वमोजिम कानुनी कारबाही तथा दण्ड जरिवाना सम्वन्धी कानुनी व्यवस्थाहरु प्रयोग गर्नु पर्ने छ।

**७. प्रतिवेदन र अभिलेखः**

समन्वयात्मक बजार अनुगमनवाट भएका निर्णय, कामकारबाही एवं कार्ययोजनाहरु भीमेश्वर नगरपालिका, जिल्ला प्रशासन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय, दोलखामा रहने छन ।

८. यस दिग्दर्शनमा जुनसुकै कुरा लेखिएको भएता पनि कारणवस कुनै एउटा मात्र निकायले पनि बजार अनुगमन तथा हस्तक्षेप गर्न बाधा पुगेको मानिने छैन । यसरी कारबाहि गर्दा सोको प्रतिबेदन यस संयुक्त समितीलाइ दिनुपर्ने छ ।

**९. बाधा अड्काउ फुकाउ, संशोधन र खारेजीः**

यस दिग्दर्शनमा व्यबस्था भएका कुनै पनि दफा वा व्यबस्थालाई बाधा अड्काउ फुकाउ, संशोधन र खारेजी गर्नु परेमा यसै संयुक्त समन्वयात्मक बैठकको निर्णयबाट गर्न सकिने छ ।

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

२०७७/०९/१५
आज्ञाले,
(मान बहादर खड्का)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत